# नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिइएको बारे नेपाल राष्ट्र बैंकको

## विज्ञप्ति

१. नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडको २०६८ वैशाख महिनाको वित्तीय विवरणमा आधारित रहेर गरिएको स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियतहरूको आधारमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख. वमोजिम मिति २०६८।९।२८ मा समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग वमोजिम न्यूनतम पुँजी कोष, निष्क्रिय कर्जाको अनुपात, संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनको समुचित व्यवस्था गर्ने लगायतका निर्देशनहरू दिइएकोमा सोको पालन हुन नसकेको, Due Deligence Audit (DDA) रिपोर्टमा संस्थाका तत्कालीन कार्यकारी अध्यक्ष योगेन्द्रप्रसाद श्रेष्ठले हिनामिना र दुरूपयोग गरेको रकम भनी देखाइएको रु. १९९ करोड र थप हिनामिना भएको रकम रु. ६९ करोड कर्जा मध्ये केही कर्जामात्र असुल भई रु.२१३ करोड कर्जा असुल हुन बाँकी रहेको, संस्थाका वर्तमान सञ्चालक समितिका सदस्यहरूले योगेन्द्रप्रसाद श्रेष्ठ र निजको परिवारको नाममा रहेको सम्बन्धित सम्पति र कर्जा बिक्री गरी संस्था सुधार गर्ने भन्दा निज श्रेष्ठकै हितमा कार्य गर्ने गरेको पाइएको, संस्थाले पेश गरेको कार्य योजना अनुसार असुली कार्य अत्यन्त न्यून रहेको र विवेकशील बैंकिङ विधिहरू (Prudential Banking Norms) विपरीतका कैफियतहरूलाई सुधार गर्न दिइएका निर्देशनहरू संस्थाको सञ्चालक समितिले तोकिएको समयमा सुधार गर्न नसकेको हुँदा वर्तमान अवस्थामा बहालवाला सञ्चालक समितिलाई नै निरन्तरता दिइएमा संस्थाको पुँजी थप क्षय हुने, योगेन्द्रप्रसाद श्रेष्ठले हिनामिना गरेको रकमको छानविन हुन नसक्ने, निक्षेपकर्ताको हक हित संरक्षण हुन नसक्ने, लगानीकर्ताहरूको रकम जोखिममा पर्ने र बित्तीय प्रणालीमा दण्डहीनता-अनुशासनहीनता बढन सक्ने समेत देखिएकाले नेपाल राष्ट्र बैंक सञ्चालक समितिको निर्णयानुसार नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम उक्त संस्थाको वर्तमान सञ्चालक समितिलाई निलम्बन गरी यस बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई यस बैंकका देहायका ३ जना पदाधिकारीहरूलाई मिति २०७०।१०।२६ देखि उक्त संस्थाको व्यवस्थापन तथा कारोवार सञ्चालन गर्न/गराउन नियुक्त अधिकारीको रूपमा खटाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ति प्रकाशन गरिएको छ ।

<u>नियुक्त अधिकारी (व्यवस्थापन समूह)</u>

(क) उपनिर्देशक श्री सन्तोषकुमार घिमिरे, - संयोजक

(ख) सहायक निर्देशक श्री काजीराम कार्की, - सदस्य

(ग) सहायक निर्देशक श्री प्रकाश श्रेष्ठ, - सदस्य

२. नियुक्त अधिकारी (व्यवस्थापन समूह) लाई मुख्य रूपमा देहायको जिम्मेवारी दिइएको छ :-

(क) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६घ. को उपदफा (३) को व्यवस्था वमोजिम संस्थाको दैनिक कार्य सञ्चालन लगायत व्यवस्थापन, सञ्चालक समिति, प्रचलित कानून, संस्थाको प्रबन्धपत्र तथा नियमावलीले प्रदान गरेको सम्पूर्ण अधिकार आवश्यकता अनुसार प्रयोग गर्ने तथा संस्थाको साधारण सभा वा विशेष साधारण सभाले गर्ने काम वा अन्य कुनै प्रकारले प्रयोग गर्न पाउने अधिकारको समेत प्रयोग गर्ने ।

(ख) ऋणात्मक रहेको संस्थाको पूँजीकोषलाई यस बैंकले तोके वमोजिम पर्याप्त बनाउने सन्दर्भमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ङ. को उपदफा (१) को खण्ड (ङ) वमोजिम बैंकले तोकेको मापदण्डको अधीनमा रही तत्काल कायम रहेका शेयरधनीहरूको सहभागिता कम गराउन अन्य व्यक्तिहरूलाई शेयर बिक्री गरी पूँजी वृद्धि गर्ने प्रयोजनका लागि अन्य लगानीकर्ताहरू खोजी गर्न पहल गर्ने ।

(ग) Due Deligence Report मा उल्लेख भएको तत्कालीन कार्यकारी अध्यक्ष योगेन्द्रप्रसाद श्रेष्ठले हिनामिना र दुरूपयोग गरेको भनी उल्लेख भएको रु. १९९ करोड र रु. ६९ करोड मध्ये असुलउपर हुन बाँकी रकम यकिन गरी निजबाट असुल उपर गर्ने ।

(घ) संस्थाका ठूला खराब कर्जा असुलउपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५७ र यस बैंकको नीतिगत व्यवस्था बमोजिम कालोसूचीमा राख्ने लगायतका अन्य कानूनी कारवाहीका प्रकृया टुङ्गयाउने ।

(ङ) संस्था भविष्यमा सुचारु रूपले सञ्चालन गर्न सकिने/नसकिने विषयमा अध्ययन एवं विश्लेषण गरी स्पष्ट आधार सहित वैकल्पिक योजनाहरू तयार गरी ६ महिनाभित्र नेपाल राष्ट्र बैंकमा पेश गर्ने ।

(च) संस्थालाई अन्य वाणिज्य बैंक वा वित्तीय संस्थामा गाभ्ने वा संस्थाको सम्पत्ति तथा दायित्व अन्य कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामा हस्तान्तरण गर्न पहल गर्ने ।

(छ) संस्थामा खटिएको मितिले ३० दिनभित्र उपरोक्त बमोजिमका कार्यहरू सम्पादन गर्ने कार्ययोजना तयार गरी यस बैंकको वित्त कम्पनी सुपरिवेक्षण विभागमा पेश गर्ने ।

मिति : २०७०।१०।२६

भाष्करमणि ज्ञवाली

प्रवक्ता